# छत्रकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः १ मितिः २०८२/०३/३२

## भाग - २

## छत्रकोट गाउँपालिका

**प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन वितरण कार्यविधि २०८२**

आज्ञाले,

रुद्रहरि पुरी

प्रमुख प्रशासकीय अधिकृत

**प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुको लागि प्रोत्साहन वितरण कार्यविधि, २०८२**

पृष्ठभुमीः लुम्बिनी प्रदेश गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा अवस्थित श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रको छत्रकोट गाउँपालिका, गुल्मी दरबार गाउँपालिका, रुरुक्षेत्र गाउँपालिका र अर्घाखांचीको छत्रदेव गाउँपालिका समेतको Catchment Area रहेको छ । अधिकांश रुपमा दलित जनजातिहरुको बसोबास रहेको यस क्षेत्रको नागरिकहरुको आर्थिक अवस्था निकै गरिब र दयनीय रहेको छ । उपचारात्मक सेवा प्राप्त गर्ने एउटा मात्रै स्वास्थ्य संस्था श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र हजारौ जनताको साहारा बनेको छ । गरिबीका कारण सुगम शहरमा रहेको सुविधा सम्पन्न स्वास्थ्य संस्था सम्म पुग्न नसक्ने हजारौ जनतालाई सहज स्वास्थ्य सेवा दिन स्वास्थ्य संस्था सदैव क्रियाशिल रहेको छ । जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने बढ्दो जनआकांक्षा र समाजमा दिन प्रति दिन देखिएको रोग प्रकोपको समस्याले नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा दिन बाञ्छनीय छ । स्थानीय सरकारले आफ्ना नागरिकहरुलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउन प्रयास गरी केहि जनशक्ति र निःशुल्क औषधीको आपुर्ति गरिरहेको छ । प्राथमिक स्वास्थ्य केन्द्रको स्वीकृत दरबन्दी, उपलब्ध औजार उपकरण, तोकिएको सेवाले नागरिकको आधारभुत स्वास्थ्य सेवा पाउने संवैधानिक अधिकार पुरा नहुने र जनतालाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने स्थानीय सरकारको जिम्मेवारी रहेको छ। यहि विषयलाई हृदयङ्गम गरी स्थानीय सरकारले थुप्रै स्वास्थ्य सेवाहरु विस्तार गरेको छ। त्यसै गरी नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रमको प्रथम सेवा विन्दुको रुपमा प्राथमिक स्वास्थ्य केन्द्र रहेकोले प्राथमिक स्वास्थ्य केन्द्र विमाको फार्मेसी संचालन गरेको साथै विमा कार्यक्रमको संचालनले पनि स्वास्थ्य केन्द्रमा दैनिक १००/२०० को संख्यामा बिरामीहरु आउने गरेका छन । स्वास्थ्य केन्द्रले सेवा प्रवाहलाई सहज सरल अनि जनमुखि बनाउन उपलब्ध जनशक्तिको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई सुचारु गर्न कार्यरत स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाउन स्वास्थ्यकर्मीहरुलाई सेवा प्रवाहका आधारमा प्रोत्साहन दिन वाछनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छत्रकोट गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ** (क)यस कार्यविधिको नाम श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि प्रोत्साहन वितरण कार्यविधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि छत्रकोट गाउँकार्यपालिकाले पारित गरेपछि लागु हुनेछ ।

**२.परिभाषा बिषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) “ऐन” भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ सम्झनु पर्दछ ।

(ख) “स्थानीय तह” भन्नाले गाउँपालिका सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले छत्रकोट गाँउपालिका सम्झनु पर्दछ ।

(घ) "स्वास्थ्य केन्द्र" भन्नाले श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र सम्झनु पर्नेछ ।

(ङ) "स्वास्थ्य संस्था" भन्नाले छत्रकोट गाँउपालिका भित्र रहेको प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य इकाई र गाउँपालिकाबाट भविष्यमा संचालन हुने आधारभुत अस्पताल वा अन्य आधारभुत स्वास्थ्य संस्था सम्झनु पर्दछ ।

(च) "स्वास्थ्यकर्मी" भन्नाले संघ, प्रदेश लोक सेवा आयोगबाट नियुक्त भएका वा छत्रकोट गाउँपालिकाको प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७४ बमोजिम नियुक्ति भएको र स्वास्थ्य मन्त्रालयबाट करार सेवामा यस गाउँपालिका अन्तर्गत कार्य गर्ने गरी नियुक्त भएका मेडिकल अधिकृत, स्वास्थ्य पारामेडिक्स हे.अ./अ.हे.व. नर्सिङ स्टाफ नर्स/अ.न.मी., ल्यावमा कार्यरत कर्मचारी, एक्सरेमा कार्यरत कर्मचारी र अन्य स्वास्थ्य संग सम्बन्धीत प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद २

**३.उद्देश्यः** यस कार्यविधिको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क) प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई वितरण गरिने प्रोत्साहन रकम समय सापेक्ष न्यायोचित र पारदर्शी बनाउने ।

ख) सेवा प्रवाहका आधारमा स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहन रकम वितरण गरी सेवालाई प्रवाह गर्न स्वास्थ्यकर्मीहरुको मनोबल उच्च बनाउने ।

ग) जनताको स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई छिटो छरितो सरल र सहज बनाउने ।

## परिच्छेद ३

**४.जिम्मेवारी**

क) यस कार्यक्रमको जिम्मेवारी छत्रकोट गाउँपालिका, स्वास्थ्य शाखा र प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समितिलाई तोकिएको छ ।

ख) जिम्मेवार समितिको काम कर्तव्य र अधिकार

१) स्वास्थ्य संस्थाको नियमित रुपमा अनुगमन गर्ने, स्वास्थ्य केन्द्रले तोकिएको स्वास्थ्य सेवा संचालनमा सम्बन्धीत स्वास्थ्य सेवाको सेवा प्रवाहमा स्वास्थ्यकर्मीको क्रियाशीलता र सेवाग्राहिको सन्तुष्टी, विभिन्न समयमा सरकारले जारी गरेका नीतिगत व्यवस्था र प्रचलित कानुन अनुसार स्वास्थ्यकर्मीले गर्नु पर्ने आचरण पालना गराउने ।

२) नियमित रुपमा बैठक संचालन गर्ने स्वास्थ्य संस्थामा भएको आम्दानी र खर्चको लेखा जोखा गरी मितव्ययिता अपनाउने ।

३) कार्यविधि बमोजिम स्वास्थ्यकर्मीले पाउने प्रोत्साहनको हिसाब गरी आवधिक रुपमा भुक्तानी गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद— ४

**५बजेटः**

(क) स्वास्थ्य केन्द्रको नियमित रुपमा सेवा प्रवाहबाट संकलित रकम ।

(ख) नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममार्फत प्राप्त शोधभर्ना रकम ।

(ग) स्वास्थ्य केन्द्रको अन्य आम्दानी ।

**६. प्रोत्साहन सम्बन्धी व्यवस्थाः**

**क.प्याथोलोजी तर्फः**

स्वास्थ्य केन्द्रको प्याथोलोजिमा परिक्षण हुने सबै परिक्षणहरुको शुल्क प्रत्येक आर्थिक वर्षको असार मसान्त अगावै अर्को वर्षको लागि समितिले पुनरावलोकन गरी शुल्क निर्धारण गर्ने । शुल्क निर्धारण गर्दा नागरिकलाई सर्वसुलभ हुने गरी लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गतका अस्पताललले निर्धारण गरेको दररेट लाई आधार मानी निर्धारण गर्नु पर्नेछ, विमा कार्यक्रम को दररेट स्वास्थ्य विमा वोर्डले तोकेको दररेट अनुसार रकम भुक्तानीका लागि दावि हुनेछ ।

१.समितिले निर्धारण गरेको शुल्कको आधारमा स्वास्थ्य केन्द्रले संकलन गरेको आम्दानीको १५ प्रतिशत रकमलाई १०० प्रतिशत मानी देहाय बमोजिम प्रोत्साहन भत्ता वितरण गर्ने ।

२.प्रयोगशालाको सरसफाईमा खटिने कार्यालय सहयोगीलाई ५ प्रतिशत, बढिमा मासिक ३०००। मा नबढ्ने गरी कामका आधारमा प्याथोलोजी प्रमुखको सिफारिसमा कार्यालय सहयोगीहरुलाई वितरण गर्ने व्यवस्था मिलाउने ।

३.प्रयोगशालमा काम गर्ने स्वास्थ्यकर्मीहरुको लागि १० प्रतिशत बढिमा मासिक रु.६०००।भन्दा बढि नबढ्ने गरी।

४.कार्यरत रहेको मेडिकल अफिसरहरुलाई ८५ प्रतिशत बढिमा १५०००।वितरण गर्ने ।स्वास्थ्य केन्द्रको सबै ओ.पि.डि. मा कार्यरत मेडिकल अफिसरहरुलाई ।

माथिका सबै प्रोत्साहन रकम स्वास्थ्य केन्द्र प्रमुखको सिफारिसमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ । बिमामा दाबी भएको शुल्क बिमा बोर्डले भुक्तानी गरेपछि मात्र तोकिए बमोजिम प्रोत्साहन उपलब्ध गराउनु पर्नेछ ।

४.स्वास्थ्य केन्द्रमा कार्यरत सबै प्रयोगशालाकर्मीहरुलाई मासिक तलबको २५ प्रतिशत रकम जोखिम वापत उपलब्ध गराउनु पर्नेछ।यस्तो भत्ता संघिय सरकारको बजेटबाट प्राप्त नगर्ने स्वास्थ्यकर्मीहरुले मात्र प्राप्त गर्नेछन ।

- **प्रत्येक सोमबार विहान ८ बजेदेखि ओ.पि.डी तथा प्याथोलोजी सेवा**

बिरामीहरुको खाली पेटमा र खाना पछि सुगर जाचँ गर्नु पर्ने भएकोले बिरामीको सुविधालाई मध्यनजर राखि स्वास्थ्य केन्द्रले प्रत्येक सोमबार बिहान ८ बजे देखि ओ.पि.डि. र प्याथोलोजी सेवा सुचारु गरी विशेष सुविधा

उपलब्ध गराएकोमा उक्त सेवा संचालनका लागि खटिने स्वास्थ्यकर्मीहरुलाई खाजा खर्चवापत रु.३००। उपलब्ध गराउने ।

**ख.रात्रिकालिन सेवा तर्फ अतिरिक्त काम गरेवापतको भत्ता ।**

**रात्रीकालिन सेवा वा अतिरिक्त समयमा काम गरेको स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगीलाई देहाए बमोजिम भत्ता उपलब्ध गराउने ।**

| समुह | नाईट भत्ता वा अतिरिक्त समय कार्य गरेवापत | खाजा खर्च | कैफियत |
|---|---|---|---|
| मेडिकल अफिसर | ७००। | १५० | |
| पारामेडिक्स | ५००। | १५० | |
| नर्सिङ | १५०। | १५० | |
| कार्यालय सहयोगी | १००। | १५० | रात्रीकालिन सेवाका लागि मात्र कार्यगर्ने कार्यालय सहयोगिले बिदाको दिनमा कार्यगरेमा मात्रै यो सुविधा प्राप्त गर्नेछ । |

ख.रात्रीकालिन सेवा वा अतिरिक्त समय काम गरेको कर्मचारीले सट्टा बिदा वा संघिय सरकारबाट अतिरिक्त भत्ता प्राप्त गरेको भए माथिको सुविधा उपलब्ध हुने छैन ।

**ग.रेडियोलोजी तर्फः**

रे.डि.यो. एक्सरे

रेडियो एक्सरेमा खटिने कर्मचारीले प्रति एक्सरे वापत रु ५० जोखिम बहन गरे वापत प्रोत्साहन रकम भुक्तानी गरिनेछ ।यसरी भुक्तानी दिदा मासिक रु.८०००।मा नबढ्ने गरी भुक्तानी हुनेछ।यो सुविधा डिजिटल एक्सरे मेशिन उपलब्ध भए पछि प्रति एक्सरे वापत रु. २५ मासिक ४०००।मा नबढ्ने गरी उपलब्ध हुनेछ । रेडियो एक्सरेका लागि प्रिस्क्रेप्सन र रिपोर्ट रिडिङ गर्ने मेडिकल अफिसरहरुका लागि रु. ५० प्रति केश प्रोत्साहन वापत उपलब्ध हुनेछ ।

(सोही सुविधा बमोजिम आकास्मिक सेवा उपलब्ध गराउनुपर्नेछ)

**भि.डि.यो. एक्सरे**

भि.डि.यो. एक्सरे सेवा उपलब्ध गराउने मेडिकल अफिसरले प्रतिकेश रु.१५०।प्रोत्साहन वापत भुक्तानी हुनेछ ।

स्वास्थ्य बिमा कार्यक्रममा दाबी भएको शुल्क वापतको रकम स्वास्थ्य बिमा बोर्डबाट रकम भुक्तानी भए पछि तोकिए बमोजिम हुनेछ ।

**घ. ई.सि.जि. तर्फः**

ई.सि.जि. सेवा उपलब्ध गराए वापत मेडिकल अफिसरलाई कुल आम्दानीको १० प्रतिशत रकम उपलब्ध गराउने ।

**ङ.आर्थिक लेखा प्रशासनः** आर्थिक लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीको दरबन्दी नभएको हुदा आर्थिक लेखा सम्बन्धी अतिरिक्त कार्य गर्ने स्वास्थ्यकर्मीलाई मासिक रु.२०००। भत्ता उपलब्ध गराउने ।

**च.स्वास्थ्य बिमा कार्यक्रमको प्रोत्साहन ।**

स्वास्थ्य बिमा वापत स्वास्थ्य केन्द्रले दाबी गरेको रकमको शोधभर्ना रकम प्राप्त भए पछि प्राप्त भएको रकमको १० प्रतिशतबाट स्वास्थ्य केन्द्रको फार्मेसीमा काम गर्ने २ जनालाई रु. ३०००।मासिक दरले रु. ६०००।घटाई हुन गएको रकमलाई १०० प्रतिशत मानी

मेडिकल अफिसरका लागिः- ३५ प्रतिशत

स्वास्थ्यकर्मीः-६५ प्रतिशत

स्वास्थ्य पारामेडिक्स
नर्सिङ
ल्यावमा कार्यरत कर्मचारी
एक्सरेमा कार्यरत कर्मचारी
कार्यालय सहयोगी

## परिच्छेद— ६

**विविधः**

७. प्रोत्साहन भत्ता उपलब्ध गराउदा माथि जुनसुकै कुरा लेखिए पनि मेडिकल अफिसरको हकमा मासिक तलब भत्ता, अतिरिक्त कार्य गरेवापतको भत्ता र NPA बाहेक जम्मा प्रोतसाहन वापतको रकम रु.२००००।मा नघट्ने र ४०,०००।मा नबढ्ने गरी मासिक रुपमा भुक्तानी गर्नु पर्नेछ ।

८.मासिक रुपमा कुनै विशेष काम वा तालिमका कारण बाहेक २० दिन भन्दा कम हाजिर हुने र कार्यालयको कारण बाहेक वर्षको ६ महिना भन्दा कम सेवा गर्ने स्वास्थ्यकर्मी वा कर्मचारीलाई प्रोत्साहन उपलब्ध गराउन बाध्य हुनेछैन ।

९.यस कार्यक्रमका लागि बिनियोजित रकम प्राथमिक स्वास्थ्य केन्द्रको आन्तरिक आम्दानीबाट विनियोजन गरिनेछ।स्वास्थ्य केन्द्रको आम्दानीले प्रोत्साहन वा खाजा खर्च वा जोखिम भत्ता भुक्तानी गर्न अपुग भएमा दामासायीका हिसाबले वितरण गरिनेछ ।

१०.अनुगमनः यस कार्यविधि बमोजिम भएका सम्पूर्ण क्रियाकलापको अनुगमन स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समिति र  गाउँपालिकाबाट हुनेछ ।

११.यस कार्यविधि अनुसार प्रोत्साहन वितरणका लागि आर्थिक वर्ष २०८१।८२ को श्रावण देखि लागु हुनेछ र आर्थिक वर्ष २०८०।८१ मा छुट भएको बिमावापतको प्रोत्साहन वितरण यहि कार्यविधि बमोजिम हुनेछ।

१२.यस कार्यविधिमा जुनसकै कुरा लेखिएता पनि दोहोरो पर्नेगरी कुनै पनि सुविधा उपलब्ध हुनेछैन ।

१३.प्रोत्साहन रकम वितरण गर्दा विवरण तयार गरी प्राथमिक स्वास्थ्य केन्द्र प्रमुखको सिफारिस र गाउँपालिका स्वास्थ्य शाखाले रुजु गरी व्यवस्थापन समितिको अध्यक्षले स्वीकृत गरी वितरणको व्यवस्था गर्नुपर्नेछ ।

१४.संशोधन र बचाउः यस कार्यविधिको कुनै व्यवस्थामा संशोधन गर्नु परेमा व्यवस्थापन समितिको सिफारिसमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।नेपालको अन्य कुनै प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।